# गाउँ सभाको १८औं अधिवेशन मिति २०८३।०३।१० गते

## गाउँपालिका अध्यक्ष श्री सेनाङ गुरुङ ज्यु ले प्रस्तुत गर्नुभएको:

## *आ.व. २०८३।०८४ को वार्षिक नीति तथा कार्यक्रम*

**छार्का ताङसोङ गाउँपालिका**

कागकोट,डोल्पा

कर्णाली प्रदेश, नेपाल

२०८३ असार १०

CamScanner

## छार्का ताङसोङ गाउँपालिकाको आर्थिक वर्ष २०८३।०८४ को वार्षिक नीति तथा कार्यक्रम

१. गाउँसभा सदस्य ज्युहरु, प्रमुख प्रशासकीय अधिकृत ज्यु, लगायत सबै राष्ट्रसेवक कर्मचारीहरु, विभिन्न राजनीतिक दलका प्रतिनिधी ज्युहरु, लगायत सम्पूर्ण स्थानीय बासिन्दा, सञ्चारकर्मी पत्रकार ज्युहरु । गाउँपालिकाको नीति तथा कार्यक्रम प्रस्तुत गर्न आयोजित यस अठारौं गाउँसभामा हार्दिक स्वागत गर्न चाहन्छु । छार्का ताङसोङ गाउँपालिकाको अठारौं गाउँसभामा मिति २०८३ असार १० गते गाउँपालिकाको अध्यक्ष म सेनाङ गुरुङ मेरो दोश्रो कार्यकालको चौंथो वर्ष पुरा गर्द आगामी आ.व. २०८३।०८४ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवान्वित महशुस गरेको छु ।

२. छार्का ताङसोङ गाउँपालिकाको विकासका लागि नीति तथा कार्यक्रम तर्जुमाका विभिन्न चरणमा सहयोग पुर्याउनुहुने उपाध्यक्ष ज्यु, सदस्य ज्युहरु, सम्पूर्ण कर्मचारीहरु, बौद्दिक व्यक्तित्व, सम्पूर्ण गाउँपालिकावासी दाजुभाई तथा दिदीबहिनीहरुलाई धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

३. पुरानो राजनैतिक प्रणाली र संरचनाहरु खारेज गरी नयाँ संरचना मार्फत देशको शासन प्रशासन संचालन हुन लागेको भर्खर १० वर्ष मात्रै पुगेको छ । यति छोटो अवधिमा जनताले राखेका अपेक्षाहरुलाई पूर्णता प्रदान गर्न निश्चय नै कठिन हुन्छ । तथापी निर्वाचित जनप्रतिनिधीहरुको सुझबुझपूर्ण लगावले कार्यसम्पादनलाई सहजता प्रदान गर्दै आईरहेको छ ।

४. भौगोलिक, प्राकृतिक, ऐतिहासिक, साँस्कृतिक एवं पर्यटकीय दृष्टिले अत्यन्त प्रवल सम्भावना भएको गाउँपालिका भएर पनि द्रुत विकासको लागि हाम्रा सामु बिभिन्न चुनौतिहरु रहेका छन । ती चुनौतिहरुका बाबजुद लोकतान्त्रिक गणतन्त्रको आधारशीलाको रुपमा रहेको स्थानीय तहको निर्वाचन मार्फत विकासको क्रममा पछाडी परेका वर्ग तथा समुदायलाई विकासको मूल प्रवाहमा ल्याउने, जनतालाई स्थानीय सरकारको प्रत्यक्ष प्रत्याभूत गराउनको लागि र छार्का ताङसोङ गाउँपालिका समुन्नत, समृद्द र समतामूलक बनाउनको लागि गाउँपालिका भित्रका सबै राजनीतिक दल, बौद्दिक व्यक्तित्व, कर्मचारी वर्ग, संघ संस्था र आम समुदायको तर्फबाट निरन्तर सहयोग र सदभावको लागि हार्दिक अपिल गर्दछु ।

५. आगामी आर्थिक वर्षको वैशाख महिना भित्र स्थानीय निर्वाचन सम्पन्न भई नयाँ जनप्रतिनिधीहरु आउनु हुनेछ । तसर्थ हाल कार्यरत हामी जनप्रतिनिधहरुको यो अन्तिम वर्ष भएको स्मरण गर्न चाहन्छु ।

६. छार्का ताङसोङ गाउँपालिकाको समग्र उन्नति र प्रगतिको लागि आगामी आ. व. २०८३।०८४ को प्रस्तावित नीति तथा कार्यक्रम देहाय बमोजिम प्रस्तुत गर्दछु ।

### सामाजिक विकास क्षेत्र तर्फः

७. शिक्षा संस्कृति भाषा कला तथा साहित्य तर्फः

- "सामाजिक आर्थिक रुपमान्तरणका लागि शैक्षिक मानव संसाधनको विकास" भन्ने मुल सोचका साथ शिक्षा क्षेत्रको विकास गरिनेछ ।
- विद्यालयहरु स्थापना भएका छन । शिक्षक दरबन्दी पनि छन तर हरेक वर्ष विद्यार्थी संख्या घट्दै गएका छन । यसको दूरगामी असर त पर्ने नै छ । त्यस बाहेक प्रत्यक्ष विद्यालय बन्द हुने वा पायक परेका गाउँघरका विद्यालयहरु धान्न सक्ने स्थितिमा संचालन गर्न् विद्यार्थीहरुलाई पायक पर्ने गरी एक आपसमा गाभ्ने र गुणस्तरीय शिक्षा दिन कार्यनीति तयार गरिनेछ ।
- व्यवस्थापकीय लगायत सम्पूर्ण सूचनाहरुलाई अनलाईनमा आधारित 'एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (integrated educational management information system- IEMIS) थप सुदृढीकरण गरिनेछ ।
- सम्पूर्ण विद्यालयहरुमा रहेको दरबन्दीमा पूर्ण रुपमा पदपूर्ति गर्न प्रयत्न गरिनेछ ।
- तेन्जिङ्ग नोर्गे आधारभूत विद्यालयलाई आवासीय विद्यालय बनाउन आवश्यक व्यवस्थापन एवं पहल गरिनेछ ।
- विद्यालयका सम्पूर्ण आर्थिक, शैक्षिक, प्रशासनिक पालिकाको शिक्षा युवा तथा खेलकुद शाखाको समन्वय सहकार्य र पालिकाले तोकेको स्वीकृत मापदण्ड र क्षेत्रमा लगानी गर्न प्रोत्साहन गरिनेछ ।
- प्रारम्भिक तहबाटै शैक्षिक गुणस्तर सुधारका लागी राष्ट्रिय प्रारम्भिक कक्षा पढाई कार्यक्रम मार्फत "पढाईका लागी सिकाई र सिकाईका लागी पढाई" कार्यक्रम सञ्चालन गरिने नीतिलाई जोड दिइनेछ ।

- संघ संस्थाहरु मार्फत सामुदायिक विद्यालयहरुमा कार्यक्रम सञ्चालन गर्नको लागी वार्षिक बजेट तथा कार्यक्रम अनिवार्य रुपमा गाउँसभामा पेश गरी स्वीकृत गराई कार्यान्वयन गर्ने र सोको नियमित प्रगति प्रतिवेदन र लेखा परीक्षण एवं आय व्ययको विवरण शिक्षा युवा तथा खेलकूद शाखामा पेश गर्ने व्यवस्था मिलाइनेछ ।
- छार्का ताङसोङ गाउँपालिकाको शैक्षिक गुणस्तर सुधारका लागी सहयोगी भुमिकाको रुपमा रहेका शिक्षा क्षेत्रका अतुलनीय योगदान गर्ने गैरसरकारी संस्था, नीजि क्षेत्र, व्यक्ति र शैक्षिक गुणस्तर सुधारका लागि अनवरत सहयोग, सहभागीता र उत्कृष्ठता हासिल गर्ने शिक्षक, विद्यार्थी, अभिभावक, जनप्रतिनिधि र कर्मचारीहरुलाई सम्मान र पुरस्कारको व्यवस्था गरिने नीति अवलम्वन गरिनेछ ।
- विद्यालयका प्र. अ. हरुलाई विद्यालयप्रति थप जिम्मेवार, जवाफदेही र प्रोत्साहित गर्न कार्यसम्पादन करारका आधारमा अतिरिक्त प्र.अ. एवम् प्रोत्साहन भत्ता दिने विगतको नीतिलाई निरन्तरता दिइनेछ साथै प्र.अ. बैठक नियमित संचालन गरिनेछ ।
- विद्यालय शिक्षामा नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तक लागु गर्नुपर्ने व्यवस्था रहेकोले सबै विद्यालयहरुले पाठ्यक्रम विकास केन्द्रले स्वीकृत गरेका पाठ्यसामाग्रीहरुको सूचीमा परेका थप पाठ्यसमाग्री वा पाठ्यपुस्तक मात्र प्रयोग गर्ने नीतिलाई अक्षरस कार्यान्वयनमा ल्याईनेछ । साथै स्थानीय भाषामा पाठ्यक्रम तर्जुमा गरी लागु गर्न प्रयास गरिनेछ ।
- यस पालिकाको विभिन्न विद्यालयहरुकमा सरकारी र गैरसरकारी संस्था मार्फत कार्यरत शिक्षक र कर्मचारीहरुबीच निकटतम सहयोगी र समधुर सम्बन्ध कायम गर्न, नियमित सिकाई अनुभव आदानप्रदान गर्न, आर्थिक र प्रशासनिक गतिविधिहरुमा चुस्त व्यवस्थापन गरी असल शैक्षिक सुशासन कायम गर्न र विद्यालयको शैक्षिक गुणस्तरलाई थप सुधार गर्न विद्यालयका प्र. अ., शिक्षकहरु र संस्थाका प्रमुखहरुबीच नियमित छलफल, समिक्षा सुनुवाई कार्यक्रम सञ्चालन गरिने नीति लिइनेछ ।
- भौगोलिक विकटता र प्रतिकूल हावापानीका कारणले तोकिए बमोजिम विद्यालय नखुल्ने र पठनपाठन नहुने हुदा पाठ्यक्रमले तोकेका सिकाई उपलब्धि हासिल गर्न घुम्ति कक्षा, गृह विद्यालयको अवधारणालाई क्रमशःजोड दिइनेछ
- शिक्षाको गुणस्तर सुधारको लागि कक्षा ५ र ८ मा उत्कृष्ट अंक ल्याई कक्षागत उत्तीर्ण हुने छात्र र छात्रा गरी जम्मा ४ जनालाई प्रोत्साहन स्वरुप नगद पुरस्कारद्वारा पुरस्कृत गर्ने नीति अवलम्वन गरिनेछ ।
- "हाम्रो विद्यालय राम्रो विद्यालय" निर्माणको लागि समुदायसँग विद्यालय र विद्यालयसँग समुदाय अभियान सञ्चालन गरिने नीति लिइनेछ ।
- विद्यालय र समुदायबीचको पारस्परिक सम्बन्ध स्थापना, विद्यार्थीको नियमित सिकाई उपलब्धी आदानप्रदानका लागि शिक्षक, अभिभावक सम्मेलन, भेटघाट र पढाई मेला आदि जस्ता गतिविधिहरु सञ्चालन गरी विद्यालय र विद्यार्थीप्रति अभिभावकहरुको स्वामित्व र उत्तरदायित्व वृद्धि गरिने नीति अवलम्वन गरिनेछ ।
- विद्यालय शिक्षाको गुणस्तर सुधारका लागि सरोकारवालाहरुको सहभागितामा नतिजामा आधारित अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कन प्रणाली अवलम्वन गरिनेछ ।
- प्रत्येक त्रैमासिक रुपमा प्र.अ. र बिषयगत शिक्षकको सम्पादित गतिविधिहरुको प्रतिवेदन, समिक्षा, छलफल, सिकाई आदानप्रदानका लागि बैठक, भेला र गोष्ठी सञ्चालन गर्ने कार्यको थालनी गरिएकोमा यसलाई आगामी वर्षहरुमा पनि निरन्तरता दिईनेछ ।
- विद्यालय शिक्षामा स्थानीय पाठ्यक्रम निर्माणमा एकरुपता र गुणस्तरीयता ल्याउन आगामी आर्थिक बर्षमा स्थानीय विज्ञद्धारा स्थानीय भोटे भाषाको पाठ्यक्रम तयार गरी कार्यान्वयन गरिनेछ ।
- सरकारी, सहकारी, निजी, गैरसरकारी संस्था, आमा समूह, युवा क्लव आदिको समन्वय र साझेदारीमा प्रौढ साक्षरता कार्यक्रम सञ्चालन गरी आ व २०८३।०८४ सम्ममा साक्षर पालिका घोषणा गरिनेछ ।
- यो गाउँपालिका साँस्कृतिक सम्पदाले भरिपूर्ण गाउँपालिका हो ।यहाँ मनाईने सबै प्रकारका साँस्कृतिक चाडपर्वहरुको प्रबर्द्धन गरिनेछ ।
- भोटे समुदायको भाषा र सम्भोट लिपीको संरक्षण र प्रबर्द्धन गरिनेछ ।

छार्का ताङसोङ गाउँपालिकाको आर्थिक वर्ष २०८३।०८४ को वार्षिक नीति तथा कार्यक्रम

- स्थानीय मौलिक संस्कृतिलाई यहाँको पर्यटन र उत्पादनसँग जोडेर विकास गरिनेछ र गुम्बा तथा धार्मिक पर्यटकीय क्षेत्रहरूको संरक्षणमा जोड दिईनेछ ।

८. जनस्वास्थ्य तथा पोषण तर्फः

- "गुणस्तरीय, सर्वसुलभ आधारभूत स्वास्थ्य सेवाको उपलब्धता: छार्का ताङसोङ गाउँपालिकाको प्रतिबद्धता" भन्ने सोचलाई कार्यान्वयन गरिनेछ ।
- स्वास्थ्य नै मानिसको सबैभन्दा ठूलो सम्पत्ति हो । गुणस्तरीय स्वास्थ्य सेवा पाउनु प्रत्येक नागरिकको नैसर्गिक अधिकार र संविधान प्रदत्त नागरिकको मौलिक हक पनि हो । यसलाई मध्यनजर गर्दै गाउँपालिका केन्द्रमा २५ शैयाको एक आधुनिक अस्पताल र प्रत्येक वडामा कम्तिमा एउटा आधारभूत स्वास्थ्य सेवा ईकाई स्थापना गर्ने नीतिलाइ निरन्तरता दिइनेछ ।
- यसअघि छार्का स्वास्थ्य चौकी दुकोट, मुकोट स्वास्थ्य चौकी कागकोट र स्वास्थ्य सेवा केन्द्र घेराङबाट दिइने सेवालाई अझै बढी गुणस्तरिय तथा प्रभावकारी सेवा दिनका लागि आवश्यक औजार, उपकरण, जनशक्ति र कार्यालयको व्यवस्थापन गरिनेछ ।
- १ नं वडामा रहेको विश्व कै अग्लो बस्ति छार्कामा आधारभूत स्वास्थ्य सेवा केन्द्र स्थापना गरी सेवा प्रवाह गरिनेछ
- वडा नं ४ लाई पूर्ण संस्थागत सुत्केरी वडा बनाउन प्रयास गरिनेछ ।
- नियमित खोप, पूर्ण खोप दीगोपना, परिवार नियोजन सेवा, सुरक्षित मातृत्व, गाउँघर क्लिनिक जस्ता सेवालाई व्यवस्थित गर्दै स्वास्थ्यकर्मी र महिला स्वास्थ्य स्वयंसेविकाहरुको मनोवल उच्च राख्न आवश्यक नीति र कार्यक्रम तय गरिनेछ ।
- किशोरकिशोरी स्वास्थ्य र प्रजनन स्वास्थ्य कार्यक्रमलाई प्रवर्द्धन गरिनेछ ।
- गाउँपालिका क्षेत्र भित्र ५ वर्षमुनिका बालबालिकालाई कुपोषणबाट मुक्त राख्न स्वास्थ्य पोषण कार्यक्रमलाई विशेष जोडकासाथ निरन्तरता प्रदान गरिनेछ ।
- मातृ तथा नवजात शिशु कार्यक्रमलाई थप प्रभावकारी बनाउन नर्सिङ घरदैलो र ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- ७० वर्ष भन्दा माथिका जेष्ठ नागरिक र अति अशक्त भएका नागरिकलाई स्वास्थ्य सेवा उपलब्ध गराउन घर दैलो कार्यक्रम सञ्चालन गरिनेछ ।
- आमा समूह तथा महिला स्वास्थ्य स्वयंसेविकाहरुको कार्यलाई प्रभावकारी बनाउन यातायात खर्च र सञ्चार खर्चको व्यवस्था लाई निरन्तरता दिनेछ ।
- संस्थागत सुत्केरी बढाउन Waiting House को व्यवस्थापनलाई सुदृढ गरिनेछ ।
- गर्भवती महिलाले प्रोटोकल अनुरुप ८ पटक गर्भ जाँच गर्नु पर्ने व्यवस्थालाई कार्यान्वयन गरिनेछ ।
- सुरक्षित मातृत्व कार्यक्रमलाई सफल बनाउँदै शिशु मृत्युदर न्यून गर्न स्वास्थ्य संस्थामा सुत्केरी गराउन प्रोत्साहन गरिने नीति अनुसार छार्का स्वास्थ्य चौकी ढाँडगाउँमा बर्थिङ सेन्टर सूचीकृत गरी सेवा प्रारम्भ गर्न आवश्यक व्यवस्थापन गरिनेछ ।
- मोबाइल स्वास्थ्य (M-Health), विद्युतीय स्वास्थ्य (E-Health) लगायतका दूर चिकित्सा प्रणाली (Tele-Medicine) का आधुनिक प्रविधीलाई अवलम्बन गरी स्वास्थ्य सेवा प्रदान गर्नको लागि संघीय सरकार र कर्णाली प्रदेश सरकारसँग समन्वय गरिनेछ ।
- स्वास्थ्य सेवालाई सहज, सुलभ, गुणस्तरियता, सुनिश्चितता गर्न न्यूनतम सेवा मापदण्ड (Minimum Service Standard) कार्यान्वयन गर्न जोड दिईनेछ ।
- अति गरीब, कडा रोगी र पूर्ण अपाङ्गलाई केही थप मात्रामा औषधी उपचार खर्च अनुदान दिने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- स्वास्थ्य क्षेत्रसँग कार्य गर्ने विभिन्न सरकारी तथा गैह सरकारी संघ संस्थाहरुसँग आवश्यक सहकार्य र समन्वय गर्दै विभिन्न साधारण र विशेषज्ञता सम्वन्धी स्वास्थ्य शिविरहरु सञ्चालन गरिनेछ ।



CamScanner

- बर्थिङ सेन्टरहरुको सुदृढीकरण गरी गुणस्तरीय प्रसुति सेवा उपलब्ध गराउने खालका कार्यक्रम सञ्चालन गरिनेछ ।
- समुदायमा घरमा नै असुरक्षित सुत्केरी गराउनेको सख्या उच्च देखिएकाले न्यूनीकरणका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।
- पोषण अन्तर्गत औषत बृद्धि अनुगमन न्यून भएको मध्यम तथा गम्भिर खालका कुपोषित बालबालिकाहरुको उपचार तथा पुनस्थापना र पत्रुखाना निरुत्साहित गर्ने र पोषिलो खाना खालका कार्यक्रम सञ्चालन गरिनेछ ।
- महिला तथा किशोरहरुमा हुने रक्तअल्पतामा कमी ल्याउनका लागि औषधि वितरण तथा सबै किशोरिहरुले IFA सेवन गरेको सुनिश्चतता तथा किशोरकिशोरी मैत्री स्वास्थ्य सस्था व्यवस्थापन गर्न जोड दिने छ ।
- नसर्ने रोगको प्रकोप बढदै गएकाले त्यसको निदान रोकथाम र उपचारका लागि स्थानीय तहमा नै नसर्ने रोगको स्किनिङ ३० वर्ष उमेरका सबै नागरिकले मधुमेह तथा उच्च रक्तचापको परिक्षण निदान र उपचार गर्ने व्यवस्था मिलाइने छ ।
- महिलाहरुमा हुने स्तन र पाठेघरको क्यान्सरका लागि स्कृनिङ कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- स्थानीय तहमा लक्षित समूहको नक्शाङ्कन र जोखिमपुर्ण क्षेत्र खोप पोषण सुरक्षित मातृत्व खानेपानी तथा सरसफाइ आदी को पहिचान स्वास्थ्य तथ्याङको नियमित समिक्षा र सुधार सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।
- जलवायु परिवर्तनले स्वास्थ्यमा प्रत्यक्ष पार्ने प्रभाव यसको रोकथाम तथा उपचारका लागि स्थानीय तहमा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।
- मानसिक स्वास्थ्य समस्या भएका विभिन्न उमेर पेशामा रहेका नागरिकहरुको समस्याको निदान र उपचारको व्यवस्था मिलाइनेछ ।
- समुदायमा सर्ने तथा नसर्ने रोगहरुको जनचेतनामूलक कार्यक्रम तथा स्किनिङग गरिनेछ ।

. खानेपानी तथा सरसफाई तर्फः

- "स्वच्छ खानेपानी र सरसफाईयुक्त छार्का ताङसोङ" भन्ने मुल सोचका साथ कार्य गरिनेछ ।
- नेपाल सरकारले दीगो विकास लक्ष्यको रुपमा सन २०३० सम्म सम्पूर्ण घरधुरीहरुलाई स्वच्छ खानेपानीको सुविधा उपलब्ध गराउने लक्ष्य राखेको छ । यसलाई पूरा गर्न संघीय, प्रादेशिक र स्थानीय तीनै तहका सरकारहरुको पहलकदमी आवश्यक हुन्छ । यसैलाई मूर्तरुप दिन यस गाउँपालिकाले खानेपानी, सरसफाई तथा स्वच्छता (खासस्व) योजना - २०८० बनाई स्वीकृत भइसकेको छ । यसबाट यस क्षेत्रको खानेपानीको क्षेत्रमा सहकार्य गर्न राष्ट्रिय, अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरुलाई आमन्त्रण गरिनेछ ।
- यसअघि निर्माण सम्पन्न भएका आयोजनाहरुको मर्मत संभारको कार्यलाई निरन्तरता दिईनेछ भने अझै पनि खानेपानी सुविधा पुग्न नसकेको घरधुरीहरुलाई व्यवस्थित खानेपानी सुविधा पुर्याउनको लागि शुरुवाती चरणमा डि. पी. आर. तयार गरि आवश्यक बजेटका लागि संघ र प्रदेशसँग पहल गरि कार्यान्वयन गरिनेछ ।
- खानेपानीका मूलहरुको खोजी गर्ने र संरक्षण गर्ने कार्यलाई निरन्तरता प्रदान गर्दै यस गाउँपालिकाको क्षेत्रमा रहेको पानीको दीर्घकालीन एवं दीगो उपयोग गर्न आगामी आर्थिक वर्षमा जल उपयोग गुरुयोजना निर्माण गर्न आवश्यक प्रक्रिया प्रारम्भ गरिनेछ ।
- "एक घर एक धारा" को नीतिलाई निरन्तरता प्रदान गरिनेछ ।
- खानेपानी आयोजनाहरुको दीगोपनाको लागि सम्बन्धित उपभोक्ताहरुलाई मर्मत संभार तालिम तथा जिम्मेवारी प्रदान गरिनेछ ।
- प्रत्येक टोलमा टोल विकास समिति गठन गरी टोल विकास, वातावरणीय सरसफाई, सामाजिक समावेशीकरण लगायत विविध कार्यमा सक्रिय बनाईनेछ ।
- घर टोल र वस्तीबाट निष्काशन हुने फोहोरमैला व्यवस्थापनका लागि आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ ।
- पूर्ण सरसफाईयुक्त गाउँपालिका घोषणाका लागि समुदायसँग सहकार्य र साझेदारी मजबुद गराइनेछ ।
- ल्याण्डफिल साइटको पहिचान गरी फोहोरमैला व्यवस्थापन गरिनेछ ।

- सबै घरमा पक्कि शौचालयको व्यवस्था गर्नुका साथै नियमित सरसफाईको अभ्यास बढाउने कार्यक्रमहरु संचालन गरिनेछ।
- घर र समुदाय स्तरमा नै व्यवस्थापन गर्न सकिने प्रकृत्तिको फोहोरलाई सोहि आधारमा व्यवस्थापन गर्ने/गराउने व्यवस्था मिलाईनेछ ।
- पानीको मुहान पहिचान गरी संरक्षण कार्यक्रम संचालन गरिनेछ ।
- आधारभूत खानेपानी सुविधा नपुगेका क्षेत्रलाई उच्च प्राथमिकतामा राखी खानेपानी आयोजना निर्माण तथा सुविधा विस्तार गरिनेछ ।
- खानेपानीका स्रोत संरक्षणका लागि वृक्षारोपण गरिनेछ ।
- सडक, भवन जस्ता पूर्वाधार निर्माणमा वातावरण संरक्षणलाई ध्यान दिइनेछ ।
- संघीय सरकार तथा प्रदेश सरकारको बजेट तथा लगानीलाई सहजीकरण तथा माग विस्तार गरिनेछ ।
- संघीय सरकार तथा प्रदेश सरकारको लगानीमा स्थानीय सरकारको सहलगानी गर्ने कार्यक्रमहरु संचालन गरिनेछ।
- छार्का बस्ती रहेका ठाउँमा शौचालय र ढल निकासको व्यवस्था गरिनेछ ।
- पूर्ण सरसफाईयुक्त गाउँपालिका घोषणा गर्न आवश्यक सूचकहरु पुरा गरिनेछ ।
- पिउन योग्य पानीको सुनिश्चितता गर्न पानी परिक्षण कार्यलाई प्रभावकारि बनाइनेछ ।
- शत प्रतिशत घरमा आधारभूत शौचालय तथा सरसफाई सुविधाको व्यवस्था गरिनेछ।

१०.महिला बालबालिका तथा सामाजिक समावेशीकरण तर्फः

- "महिला, बालबालिका, जेष्ठ नागरिक तथा अपाङ्गतामैत्री छार्का ताङसोङ गाउँपालिका निर्माण" मुल सोच रहेको छ ।
- लैगिंक हिंसा विरुद्धको शुन्य सहनशीलताको नीति अवलम्बन गरिने छ । लैगिंक समानता र सामाजिक समावेशीकरण रणनीतिको अद्यावधिक गरी कार्यानवयनमा ल्याईने छ । गाउँपालिकाको नीति, कार्यक्रम र बजेटको लैगिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण गर्न वार्षिकरुपमा व्यवस्था मिलाईने छ । समाजमा पछाडी परेका वर्ग समुदायको विकासमा मुलप्रवाहीकरणका लागी क्षमता विकासका कार्यक्रम र सशक्तिकरण गरि मुलप्रवाहीकरण गरिने छ ।
- छार्का ताङसोङ गाउँपालिकामा हुने गरेका विभिन्न नीति निर्माण योजनाहरुमा समानुपातिक समावेशी सिद्धान्तका आधारमा काम भए नभएको जानकारी लिनका लागि प्रत्येक वर्ष लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण गरिने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- छार्का ताङसोङ गाउँपालिकामा विद्यालय स्तरमा बाल बिबाह अन्त्य सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।
- अपाङ्ग परिचय पत्र वितरण समिति गठन गरि परिचय पत्र छपाई र वितरण गरिनेछ।
- महिला बालबालिका उपशाखामा कार्य सञ्चालन गर्न आवश्यक नीति नियम कार्यविधी बनाईनेछ।
- गाउँपालिकाका सबै वडा तथा वस्तिहरुमा बालक्लबहरु गठन गरी सञ्चालनमा रहेका बालक्लवहरुमा आर्थिक सहयोग तथा सहायता सामाग्री वितरण गरिनेछ।
- न्यायिक समितिलाई सक्रिय गराई महिला प्रति हुने सबै प्रकारको हिंसा तथा विभेदमा छिटो न्याय दिने परिपाटीको व्यवस्था गरिनेछ ।
- छार्का ताङसोङ गाउँपालिकामा भएका सबै वडाहरुमा सासु बुहारी अन्तर्क्रिया कार्यक्रम मार्फत महिला हिंसा न्यूनिकरण गरिनेछ ।
- यस गाउँपालिकाका सबै वडाहरुमा समूह गठन तथा परिचालन सम्बन्धी अभिमुखीकरण कार्यक्रम संचालन गरी समूह गठनको कार्यलाई तीव्रता दिइनेछ ।
- अपाङ्गता भएका व्यक्तिहरुको सामाजिक समावेशीकरण एवं सेवा प्रासीमा सहज पहुँचका लागि गाउँपालिका कार्यालय, वडा कार्यालय सबै स्थानीय स्तरका विषयगत सरकारी कार्यालयहरु तथा सार्वजनिक शौचालयहरुलाई क्रमशः अपाङ्गमैत्री बनाउँदै लगिनेछ ।

- आर्थिक सामाजिक रुपले पछाडी परेको वर्ग तथा समुदायको हितको लागि कार्यालय मार्फत लक्षित कार्यक्रम लगायत सीपमूलक र रोजगारीमूलक कार्यक्रम तर्जुमामा जोड दिईनेछ ।
- संघीय सरकार र प्रदेश सरकारसँग सहकार्य गरी जेष्ठ नागरिक आश्रम स्थल र दिवा सेवा केन्द्र स्थापनामा जोड दिईनेछ
- अपाङगता पहिचान घुम्ती शिविर सञ्चालन गरिनेछ ।
- जटिल प्रकृतिका रोगको शल्यक्रिया कार्यक्रम सञ्चालन गरिनेछ ।

११.युवा खेलकूद तथा नवप्रवर्द्दन तर्फः

- "युवाहरुमा व्यवसायिक सीप र जाँगरः छार्का ताङसोङ गाउँपालिका परिवर्तनको आधार"
- "स्वस्थ रहन खेलकूद" भन्ने नारालाई आत्मसात गर्दै खेलप्रेमीहरुलाई शारिरीक, मानसिक र सामाजिक रुपमा तन्दुरुस्त राख्न, सामुहिक भावनाको विकास गर्न र अनुशासित जीवनको विकास गर्ने उद्देश्य राखी खेलप्रेमीले भाग लिन सक्ने गरी रंगशाला, खेलमैदान र पार्कहरु निर्माण गर्दै लग्ने नीति लिईनेछ । यसबाट सक्षम खेलाडी उत्पादन भई खेलकूद क्षेत्र प्रतिस्पर्धी हुने लक्ष्य राखिएकोछ ।

<u>आर्थिक विकास क्षेत्र तर्फः</u>

१२.कृषि विकास तर्फः

- "कृषि र पशुपंक्षीजन्य उत्पादन र उत्पादकत्वमा वृद्धिः छार्का ताङसोङ गाउँपालिकाको दिगो समृद्धि" भन्ने सोच पुरा गर्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- आर्थिक वर्ष २०८१।०८२ देखि वडा नं. ३ को ढुकोटमा एकिकृत कृषि सेवा केन्द्र स्थापना गरी वडा नं. १, २ र ३ लाई तथा वडा नं. ५ को घेराङ र वडा नं. ४ को कागकोटमा अर्को एकिकृत कृषि सेवा केन्द्र स्थापना गरी सेवा प्रदान गर्ने कार्य प्रारम्भ गरि सकिएकोछ ।यस केन्द्रहरु मार्फत गुणस्तरीय सेवा उपलब्ध गराउने कार्यलाई निरन्तरता प्रदान गरिनेछ ।
- जहाँ कृषक त्याहाँ कृषि प्राविधीक को अवधारणालाई लागू गर्दै स्थलगत रुपमै कृषकहरुलाई कृषि सम्बन्धी ज्ञान, सीपका साथै उन्नत बीउ बीजन उपलब्ध गराउने नीतिलाई निरन्तरता दिईनेछ ।
- कृषि उत्पादन तथा उत्पादकत्व वृद्दिको लागि विकसित प्रविधीहरुको प्रचार प्रसार र प्राविधिक सेवा सर्वसुलभ रुपमा प्रदान गर्न गाउँपालिकाका सबै वडा स्तरमा बिभिन्न व्यावसायिक र आधुनिक खेती विषयमा तालिम संचालन गरी कृषकहरुलाई सक्षम बनाईनेछ ।
- कृषिमा व्यवसायीकरण, आधुनिकीकरण र उत्पादित बस्तुको बजारीकरण गरी रोजगारी सिर्जना गर्दै कृषिलाई सम्मानित पेशाको रुपमा विकास गरिनेछ ।
- कृषक समूह सहकारी सरकारी तथा गैर सरकारी संस्था र स्थानीय तहहरुसँगको साझेदारीमा कृषि कार्यक्रमहरु संचालन गर्ने नीति अवलम्वन गरिनेछ ।
- साना सिंचाई कार्यक्रम अन्तर्गत फोहोंरे र थोपा सिंचाई गरी सिंचित भूमीमा उत्पादनमुखी विशेष कार्यक्रम संचालन गरिनेछ ।
- गाउँपालिका क्षेत्र भित्र बेमौसमी तरकारी खेतीलाई प्रोत्साहन गर्न "एक गाउँ एक हाइटेक ग्रीन हाउस" कार्यक्रम संचालन गरिनेछ ।
- गाउँपालिकाको केन्द्रमा रहेको कागकोटमा एउटा "नमूना कृषि प्रदर्शनी फारम" स्थापना गरी संचालनमा ल्याइनेछ । यसबाट कृषकहरुमा कृषि उपज वृद्दिका लागि उत्प्रेरणा जगाउन मद्दत पुग्नेछ ।
- आगामी आर्थिक वर्षमा वडा नं· १ २ ५ र ६ मा कृषि यान्त्रिकरण प्रवर्द्दन कार्यक्रम अन्तर्गत कृषक समूहलाई हाते ट्रयाक्टर वितरण गरिनेछ ।
- आगामी आर्थिक वर्षमा यस गाउँपालिकाको हरेक वडामा बाली विशेष FFS(Farmers Field School) कृषक पाठशाला तालिम संचालन गरिनेछ ।
- वडा नं ४ र ५ का कृषक समूहलाई उवा पिस्ने मिल उपलब्ध गराईनेछ ।
- सम्पूर्ण वडाहरुमा सामुदायिक बीउ बैंकको अवधारणा अन्तर्गत रैथाने बाली प्रबर्द्दन कार्यक्रम संचालन गरिनेछ ।

- बाली विशेष आलु र सिमीमा आधुनिक कृषि खेति प्रणाली कार्यक्रम अन्तर्गत उत्पादनोपरान्त विशेष भण्डारण कार्यक्रम संचालन गरिनेछ ।
- स्याउ र ओखर बगैचामा व्यवस्थापन अन्तर्गत (काटछाँट, बोडोपेस्ट, सिंचाई) कार्यक्रम प्रवर्द्धन गरिनेछ ।
- हरेक वडाका कृषकहरुको खेतको माटोको नमूना संकलन गरी घुम्ति माटो परीक्षण शिविर संचालन गरिनेछ ।
- सबै वडाको कृषक समूहलाई आधुनिक तथा वातावरण मैत्री औजार वितरण कार्यक्रम संचालन गरिनेछ ।

१३.पशुपन्छी विकास तर्फः

- यस छार्का ताङसोङ गाउँपालिकाको केन्द्र रहेको कागकोटबाट पशु सेवा सम्बन्धी सेवा प्रवाह गर्दै आईरहेको व्यहोरा सबैमा विदितै छ । भौगोलिक दूरीका कारणले अन्य वडा तथा बस्तिहरुबाट सेवा प्राप्त गर्न यहाँ सम्म आईपुग्न र सेवा प्राप्त गरी फर्कन लाग्ने समयलाई मध्यनजर गरी आर्थिक वर्ष २०८१।०८२ देखि वडा नं. १ को छार्कामा पशु सेवा केन्द्र स्थापना गरी वडा नं. १, २ र ३ लाई तथा वडा नं. ५ को घेराङमा अर्को पशु सेवा केन्द्र स्थापना गरी वडा नं. ५ र ६ का जनतालाई सेवा प्रदान गर्दै आएको मा उक्त सेवा केन्द्रहरु मार्फत गुणस्तरिय सेवा प्रदान गर्ने कार्यलाई निरन्तरता प्रदान गरिनेछ ।
- जहाँ पशुपालन त्यहाँ पशु प्राविधीक को अवधारणलाई लागू गर्न पशु सेवा केन्द्रहरुलाई आवश्यक औषधी तथा उपकरणहरु उपलब्ध गराई नियमित सेवा प्रदान गर्ने व्यवस्थालाई निरन्तरता प्रदान गरिनेछ ।
- पशुहरुमा लाग्ने महामारी रोगको संक्रमणलाई रोक्न विशेष सतर्कता अपनाई चालु आर्थिक वर्षमा सम्पूर्ण वडाहरुमा खोप कार्यक्रम संचालन गरि सकिएकोछ ।
- यस गाउँपालिकाका जनसमुदायको जीविकोपार्जनको प्रमुख माध्यम पशुपालन भएकोले व्यवसायिक पशुपालन ,चौरी, च्याङ्ग्रा, भेंडा पालन मार्फत रोजगार सृजना गरी युवाहरुलाई गाउँभित्रै स्वरोजगार बनाउनको लागि प्रतिस्पर्धी अनुदान उपलब्ध गराई युवा लक्षित पशुपालन कार्यक्रम संचालन गरिनेछ ।
- पशुपालन क्षेत्रको विकासमा सरकारी कृषक समूह समिति सहकारी गैर सरकारी संस्था र गाउँपालिकाबीच साझेदारी गरिनेछ ।
- कृषकहरुमा सीप हस्तान्तरणद्वारा आधुनिक पशुपालन पद्दतिको विकास गर्दै लैजाने कार्यमा जोड दिईनेछ ।
- व्यवसायिक पशुपालक किसानहरुलाई उत्प्रेरित गर्न विभिन्न तालिम तथा प्रोत्साहनलाई जोड दिईनेछ । आधिकारीक रुपमा गाउँपालिकामा दर्ता भएका व्यक्तिगत तथा सामुहिक फर्म तथा समूह सहकारीहरुलाई नगद अनुदान उपलब्ध गराईनेछ ।
- प्रदेश सरकार र संघीय सरकारको साझेदारी र सह-लगानीमा पशुपालनलाई उत्पादनमूलक आर्थिक र रोजगारीमूलक सम्मानित पेशाको रुपमा विकसित गरिनेछ ।

१४.सिंचाई तर्फः

- "दिगो सिंचाइको पूर्वाधार, उत्पादन र उत्पादकत्व वृद्धिको प्रमुख आधार" लाई आत्मसाथ गरिनेछ ।
- गाउँपालिकाको सबै खेती योग्य जमिन बाँझो नराख्नको लागि सिंचाई सेवा विस्तारमा जोड दिईनेछ ।
- गाउँपालिका भित्र हाल संचालनमा रहेका सिंचाई आयोजनाहरुलाई पक्की सिंचाई निर्माणका लागि संघीय सरकार र प्रदेश सरकार र यस गाउँपालिकासँग लागत साझेदारी गरि निर्माण गरिनेछ ।
- सशर्त बजेट मार्फत साना सिंचाई आयोजनाहरुलाई आगामी वर्षहरुमा कार्यान्वयन गर्दै सिंचाई प्रणालीको मर्मत संभार र नयाँ प्रविधिमा आधारीत सिंचाई आयोजनाको कार्यान्वयनमा जोड दिईनेछ ।
- मझौला र ठूला सिंचाई आयोजनाको हकमा संघीय सरकार र प्रदेश सरकारमा अनुरोध गरिनेछ ।
- वागवानी क्षेत्र विकासका लागि थोपा तथा फोहोरा(Sprinkler) सिंचाई प्रवर्द्धन कार्यक्रम संचालनमा ल्याईनेछ ।

१५.पर्यटन प्रवर्द्धन तर्फः

- "छार्का ताङसोङ समृद्धिको आधार, दिगो पर्यटनको विस्तार" भन्ने सोचको कार्यान्वयन गरिनेछ ।
- पर्यटन प्रवर्द्धनका लागि Digital Board ( Including all Information) र Tourism Website ( To Inhance Tourist Site)
- विश्व कै अग्लो उचाईमा रहेको वाङवुर ताल ५३७० मी. लाई पर्यटकीय गन्तव्यको रुपमा प्रचार प्रसार गरिनेछ ।



CamScanner

- पर्यटन क्षेत्र राष्ट्रिय अर्थतन्त्रको मूल आधार बन्दै आएको सन्दर्भलाई मध्यनजर गर्दै यस गाउँपालिका भित्र रहेका ऐतिहासिक, धार्मिक, साँस्कृतिक र सबै प्राकृतिक सौन्दर्ययुक्त स्थानहरुको खोजी गर्ने, पहिचान गर्ने र प्राथमिकताको आधारमा पर्यटन उद्योगको विकास गर्दै लगिनेछ ।
- मुकोट-छार्का हुँदै मुस्ताङ्ग जाने पर्यटकीय पदमार्गको विकासको लागि अध्ययन तथा गुरुयोजना तयार गरिनेछ । र पुथा हिउँचुली वेस क्याम्पमा पुग्ने पदमार्ग निर्माण र मर्मत गरिनेछ ।
- ग्रामीण पर्यटन र होम स्टे सेवालाई निरन्तर प्रवर्द्धन गरिनेछ ।

१६.सहकारी तथा गरिबी निवारण एवं वित्तीय क्षेत्र तर्फः

"सहकारीमा सबै नागरिकहरुको आवद्धता - छार्का ताङसोङ गाउँपालिकाको लागि आर्थिक समृद्धिको प्रतिबद्धता"

- सहकारी शिक्षामा विशेष जोड दिईनेछ । सहकारीलाई अर्थतन्त्रको आधारशीलाको रुपमा विकास गर्न गाउँपालिका भित्र स्थापना भएका सहकारीहरुको गुणस्तर र प्रभावकारीतालाई नियमन र अनुगमन गर्दै थप सहकारीहरुको स्थापना तर्फ जोड दिई एक गाउँ एक सहकारी स्थापना गर्न जोड दिईनेछ । यसबाट पूँजी निर्माणको महत्वपूर्ण माध्यम स्थापित भई स्थानीय कृषि उद्योग स्थापना र साना घरेलु उद्यममा लगानी गर्ने वातावरण सृजना हुनेछ ।
- सहकारी सञ्चालकहरुलाई आवश्यक तालिमको व्यवस्था गरिनेछ ।

७.उद्योग व्यापार तथा व्यवसाय तर्फः

"स्थानीय कच्चा पदार्थमा आधारित उद्योग विस्तारः छार्का ताङसोङ गाउँपालिकाको आर्थिक वृद्धिको आधार"

- लघु उद्यम विकास कार्यक्रम मार्फत हुने घरेलु तथा साना र लघु उद्यमीलाई उद्यम विकास तालिम तथा औजार यन्त्र उपकरण प्रदान गर्न आवश्यक सहयोग र समन्वय गरिनेछ ।
- होटल व्यवसायीहरुलाई तालिम प्रदान गरी निजहरुको सीप र दक्षतामा अभिवृद्दी गरिनेछ
- स्थानीय सीप, श्रोत, साधन एवं प्रविधीको प्रयोगलाई बढावा दिई राडीपाखी, स्वीटर, कोट, पटुकाको व्यवसायीक उत्पादन तर्फ अग्रसर गराई यस क्षेत्रमा घुम्न आउने पर्यटक लगायत शिक्षक, कर्मचारी तथा अन्य व्यापारिक समुदाय घर फर्कदा यस्तो सामग्री सम्झनाको चिनो स्वरुप खरीद गरी लैजाने व्यवस्था मिलाईनेछ । यसबाट स्थानीय उत्पादनको बजारीकरण भई आय आर्जनमा वृद्दि हुने अपेक्षा राखिएकोछ ।
- स्थानीय वन पैदावार, प्राकृतिक श्रोत, साधन, जडिबुटीमा आधारित साना उद्योगहरु स्थापना गर्न उचित वातावरणको व्यवस्था गरिनेछ ।
- परम्परागत रुपमा उत्पादित स्थानीय फलफूल, जडिबुटीजन्य प्रशोधित जुस र खाद्यबस्तु तथा मदिराजन्य पदार्थको व्यवसायिक उत्पादन र बजारीकरणमा जोड दिईनेछ ।

श्रम तथा रोजगार तर्फः

- "सामाजिक सुरक्षा सहित श्रमको सम्मान, रोजगारीको वृद्धी गरी समृद्ध छार्का ताङसोङ निर्माण" लाई आत्मसाथ गरिनेछ ।
- "स्वदेशमा नै रोजगारी गरौं बैदेशिक रोजगारीमा जाने नै भए सही सूचना लिएर र सीप सिकेर मात्र जाऔं" भन्ने नारालाई आत्मसात गरि सुरक्षित आप्रवासन (Safer Migration) कार्यक्रम रोजगार सेवा केन्द्र मार्फत संचालन गरिनेछ
- उत्पादन र उद्यमशीलता मार्फत रोजगारी सिर्जना तथा न्यूनतम रोजगारी प्रत्याभूति सीप विकास उद्यमशीलता प्रवर्द्धन र पुनः एकीकरण सम्बन्धी क्रियाकलाप संचालन गरिनेछ ।
- वेरोजगार युवा जनशक्तिहरुलाई सीप विकास तालिम (हाउस वायरिङ्ग, पलम्बर, मिस्त्री, हेयर कटिङ्ग) लगायत युवाहरुको रोजगारसँग सहयोग पुग्ने स्वरोजगार तालिम प्रदान गरिनेछ ।
- रोजगारमा संलग्न हुने जनशक्तिको न्यूनतम पारिश्रमिक प्रदेश सरकारको मापदण्ड अनुसार निर्धारण गरिनेछ ।
- स्थानीय स्तरमा उपयुक्त हुने खालका सीप विकासका तालिम कार्यक्रमहरु संचालन गरिनेछ ।

## पूर्वाधार विकास क्षेत्र तर्फः

भवन वस्ती आवास तथा शहरी विकास तर्फः

- "सुरक्षित आवास, एकिकृत बस्ती र व्यवस्थित सार्वजनिक निर्माण" भन्ने मुल सोचलाई आत्म साथ गरिनेछ ।
- यस गाउँपालिकाको प्रशासनिक भवनको निर्माण कार्य शुरुवाती चरणमा छ ।आगामी २ वर्ष भित्र यसको निर्माण कार्य पूरा गरी नयाँ प्रशासनिक भवन मार्फत सेवा प्रारम्भ गरिनेछ । गाउँपालिका केन्द्र रहेको कागकोट र विश्व कै उच्च स्थानमा रहेको छार्का बस्तीलाई एकीकृत नमूना बस्तीको रुपमा निर्माण गर्न आवश्यक व्यवस्थापन गरिनेछ ।
- आगामी ३ वर्ष भित्र सम्पूर्ण वडा कार्यालयहरुको भवन र आधारभूत स्वास्थ्य सेवा ईकाई भवनहरु निर्माण गरी सकिनेछ ।
- Smart Villages निर्माणको लागि DPR तयार गरी संघीय सरकार र प्रदेश सरकारसँग बजेट माग गरी कार्यान्वयन गरिनेछ ।
- गुणस्तरीय विकास निर्माणका लागि आवश्यक Lab House, Lab Equipment & Materials खरीद गरी संचालनमा ल्याउन लागिएकोछ ।
- प्रशासनिक भवन, वडा कार्यालयहरु, विद्यालय भवन, अस्पताल, स्वास्थ्य चौकी लगायत सरकारी भवनहरुको निर्माण कार्यलाई तिब्रता दिईने छ ।
- भवन तथा सडक मापदण्ड अनुसार मात्रै निर्माण कार्य गर्ने कुरालाई कडाईका साथ कार्यन्वयन गर्ने ।
- नक्सा पास दस्तुरलाई समयानुकुल बनाई कार्यन्वयन गरिनेछ ।
- एकिकृत वस्ती बिकासको योजना तर्जुमा गरिनेछ ।
- विपन्न परिवारहरुको निजी आवास निर्माण कार्यलाई संघ तथा प्रदेश सरकारको सहयोगमा तिव्रता दिइनेछ ।
- भौगोलिक हिसाबले बिकट र छरिएर रहेका तथा विपद्को जोखिममा रहेका र सीमान्तकृत र परिवारलाई आधारभूत सुविधा सहितको एकीकृत वस्ती निर्माण गरी स्थानान्तरण गर्ने कार्यक्रमहरु संचालन गरिनेछ ।
- प्राकृतिक प्रकोप लगायतका विपत्तिको सामना गर्न सक्ने गरि आवाश क्षेत्र विकास गर्ने कार्यक्रमलाई तीव्रता दिइनेछ ।
- स्थानीय स्रोतकारूपमा रहेका काठ, ढुङ्गा, बालुवा, गिटीको संरक्षण र उपयोग गरिनेछ ।
- यस गाउँपालिका भित्र रहेका अव्यवस्थित र भुमिहिन नागरिकहरुलाई आवश्यक सम्पुर्ण प्रकिया पुर्याइ राष्ट्रिय भुमि आयोग मार्फत जग्गा धनी प्रमाण पुर्जा उपलब्ध गराउने व्यवस्था मिलाइने छ ।

२०.सडक पुल तथा यातायात व्यवस्था तर्फः

- "सडक सञ्जाल तथा यातायात पूर्वाधार, गाउँपालिकाको आर्थिक समृद्धिको आधार"
- विक्रम सम्वत २०७५ सालबाट प्रारम्भ गरिएको मुस्ताङ छार्का कागकोट सडक निर्माण को ट्रयाक खोल्ने कार्य यथाशीघ्र सम्पन्न गरिनेछ । यस बाट छार्का ताङसोङ गाउँपालिकाको केन्द्र रहेको कागकोट सम्म सडक सञ्जालले जोडिन गई जीवनस्तर अझ बढी सहज हुँदै जानेछ ।
- आगामी वर्ष भित्रै तानाखोलामा बेलिब्रिज निर्माण सम्पन्न गरि सडक संचालनलाई थप व्यवस्थित बनाईनेछ ।
- स्थानीय विकासको लक्ष्य हासिल गर्न स्थानीय पूर्वाधार सहयोग कार्यक्रम लगाएत अन्य कार्यक्रम संग समन्वय, सहकार्य र साझेदारीको अवधारणा मार्फत स्थानीय विकास निर्माण प्रक्रियामा सह-लगानी ( Co-Finance) को नीति अवलम्बन गरिने छ साथै स्थानीय पूर्वाधार विकास प्रक्रियामा सुधारियको विधि ( Improvement Modality ) अवलम्बन गरिने छ ।
- पूर्वाधार विकासका आयोजनाहरु संचालन गर्दा लागत लाभ विश्लेषणका आधारमा उच्च नतिजा एवं प्रतिफल दिने, समतामुलक विकासको आधारको रुपमा रहने, पिछडिएका र कम विकसित क्षेत्रलाई मूल प्रवाहिकरणमा ल्याउन सहयोग गर्ने आयोजनाहरु पहिचान गरी "आयोजना बैंक" तयार गरिने छ र सो बैंकमा समाविष्ट आयोजनाहरुमा मात्र बजेट विनियोजन गर्ने नीति लिइनेछ ।



CamScanner

- गाउँपालिका क्षेत्र भित्रका बाटो, सिँचाइ कुलो, नहर, पुल, सार्वजनिक भवन लगायतका पूर्वाधारहरुको लगत सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS-V2) मा राखिने छ र पूर्वाधारहरुको नियमित मर्मत सम्भार तथा स्तरोन्नति गर्न गाउँपालिकामा रहेको मर्मत सम्भार कोषको व्यवस्थापन उच्चतम तवरले गरिने छ ।
- ३० लाख भन्दा माथिका योजनामा सम्भाव्यता अध्ययन र ५० लाख भन्दा माथिका योजनामा डि. पी. आर. तयार गरेर मात्र काम गर्ने प्रकियालाई अवलम्बन गरिनेछ ।
- मुस्ताङ-छार्का-भारबुड-कागकोट सडक करिडोरलाई स्थानीय गौरवको आयोजना को रुपमा लिईएको व्यहोरा विदितै छ ।यसै वर्ष भित्र यस सडकको ट्रयाक खोल्ने कार्य सम्पन्न गरिनेछ ।
- सडक स्तरोन्नति अन्तर्गत भेरोल देखि कालोपत्रे गर्ने कार्य प्रारम्भ गरिनेछ ।
- गाउँपालिकाका सबै वडा र बस्ती सडक सञ्जालमा जोडिने गरी कार्यक्रम कार्यान्वयन गरिनेछ ।
- पक्की पुल बन्ने संभावना भएका सडक क्षेत्रमा पक्की पुल निर्माणमा जोड दिईनुका साथै प्रदेशसँगको सहकार्यमा सो बाहेकका क्षेत्रमा झोलुङ्गे पुल तथा ट्रस ब्रीज निर्माण तथा विस्तारलाई अगाडी बढाईनेछ ।
- भेरि नदिको बिभिन्न स्थानमा पक्की पुल निर्माण गर्न प्रदेश सरकार र संघीय सरकारसंग अनुरोध गरिनेछ ।
- झोलुङ्गे पुल कार्यक्रमलाई कार्यन्वयन गरी बिभिन्न स्थानमा झोलुङ्गे पुल निर्माण गरिनेछ ।
- गाउँपालिकाको आर्थिक तथा सामाजिक गतिविधिलाई सन्तुलित, समावेशी, गतिशील बनाउन योगदान पुर्याउन सक्ने रणनीतिक सडक सञ्जाल निर्माण गरिनेछ ।
- सडक पुल निर्माणका लागि संघीय सरकार तथा प्रदेश सरकारसँग साझेदारी तथा सहकार्य गरिनेछ।
- वातावरणमैत्री एवं सुरक्षित पारस्थितिक प्रणालीका लागि सडकको दायाँ बायाँ हरियाली कायम गर्न कार्यक्रम सञ्चालन गरिनेछ ।
- सार्वजनिक निर्माणमा सार्वजनिक निजी साझेदारी निर्माण (पीपीपी); सञ्चालन तथा हस्तान्तरण ( अपरेटएण्डट्रान्सफर); डिजाइन, फाइनान्स, निर्माण, सञ्चालन तथा हस्तान्तरण (डीएफसीओटी) जस्ता उपयुक्त मोडल अवलम्बन गरिनेछ ।
- ज्येष्ठ नागरिक, बालबालिका तथा अपाङ्ग मैत्री सडक डिजाइन तथा निर्माणको सुनिश्चितता गरिनेछ ।
- छिटो, भरपर्दो र वातावरण मैत्री सडक सञ्जाल विकास गर्न सहयोगी हुने प्रविधि तथा उपायहरू अवलम्बन गरिनेछ ।
- संघीय सरकार, प्रदेश सरकारसँगको सहकार्य र सहलगानीमा सडक निर्माणलाई प्रथमिकता दिइनेछ ।
- सर्वसाधारण नागरिकको दैनिक आवागमन सुरक्षित एवं भरपर्दो सडक पूर्वाधार निर्माण गर्ने नीति अवलम्बन गरिनेछ ।
- आर्थिक वृद्धिलाई योगदान पुग्ने गरी सुरक्षित सडक पूर्वाधारको पहुँच र सुविधा विस्तार गरिनेछ ।
- कृषि, उद्योग, व्यापार, जलविद्युत, पर्यटन, शिक्षा र स्वास्थ्य सेवामा पहुँच बढाउने गरी अन्य स्थानीय तह तथा प्रदेशका रणनीतिक सडक सञ्जालसँग आवद्धता बढाइनेछ ।
- वडा केन्द्र देखि गाउँपालिका केन्द्र सम्मका कचि सडक निर्माण गरि बर्ष भरी सञ्चालनमा आउने बनाइनेछ ।
- सरकार-समुदाय-निजी क्षेत्र साझेदारी, लगानी तथा सहकार्यलाई निरन्तरता एवं प्राथमिकता दिइनेछ ।
- प्रादेशिक तथा स्थानीय सडक सुधार आयोजना (PLRIP) अन्तर्गत गाउँपालिकाको केन्द्र कागकोट सम्म सडक जोड्ने कार्यक्रम कार्यान्वयन गर्ने प्रक्रियामा रहेकोछ ।

२१.जलश्रोत विद्युत तथा स्वच्छ उर्जा तर्फः

- "विद्युत र नवीकरणीय ऊर्जाको प्रयोग विस्तारः गाउँपालिकाको दिगो आर्थिक विकासको आधार"
- यस छार्का ताङसोङ गाउँपालिकालाई केन्द्रीय विद्युत प्रशारण लाईनसँग मुस्ताङ्गबाट जोड्न मुस्ताङ्गबाट छार्का हुँदै गाउँपालिकाको केन्द्र कागकोटसम्म प्रशारण लाईन जोड्न गरिएको आवश्यक पहल लाई निरन्तरता प्रदान गरिनेछ ।
- छार्का ताङसोङ गाउँपालिकाका सबै सरकारी कार्यालयहरुलाई निकट भविष्यमा सौर्य उर्जा प्रणाली सोलार मिनी ग्रीड को सेवा उपलब्ध गराई अन्य उर्जा विस्थापित गरिनेछ । सबै घरधुरीमा सोलार सेवा पुगेको सुनिश्चित गरिनेछ ।

- नविकरणीय उर्जा कार्यक्रम अन्तर्गत विभिन्न क्रियाकलाप तथा पूँजीगत प्रकृतिको कार्य आवश्यकताको आधारमा अगाडी बढाईनेछ ।
- कादुरी प्रोजेक्टबाट संचालन हुन लागि रहेको साना जलविधुत आयोजनाहरुलाई समय मै काम सम्पन्न गर्न समन्वय गरिनेछ । यसै वर्ष भित्र मुकोट देखि तेराङ शेरी घेराङ पिप्री हुँदै कागकोटसम्मको प्रशारण लाईनको निर्माण कार्य अन्तिम चरणमा पुगेको भएतापनि मर्मतको कार्य जारी रहेकोले विधुत सेवा कार्य निरन्तर हुन सकेको छैन । यो सम्पन्न भएपछि हस्तान्तरणको कार्य सम्पन्न गरिनेछ ।
- बस्तीबाट उत्सर्जन हुने फोहरलाई ऊर्जामा परिणत गर्न संघीय सरकार तथा प्रदेश सरकारबाट समपूरक तथा विशेष अनुदान प्राप्त गर्ने नीति लिइनेछ।
- बैकल्पिक उर्जाको प्रयोगमा प्रोत्साहन गरिनेछ ।
- चालु अवस्थामा रहेका जलविधुत आयोजनाहरुलाई अधिकतम क्षमतामा उत्पादन गर्ने वातावरण तयार गरिनेछ ।
- नीजि क्षेत्रलाई नयाँ जलविधुत आयोजनाहरुमा लगानी गर्न प्रोत्साहन गरिनेछ ।
- गाउँपालिकाका सबै वडा क्षेत्रभित्र विधुतिय उर्जालाई भरपर्दो र सुलभ वनाइनेछ ।

२२.सूचना तथा संचार प्रविधी विकास तर्फः

- "सूचना तथा सञ्चारको विस्तार, प्रविधिमैत्री समृद्ध छार्का ताङसोङको बलियो आधार"
- मोबाईल टावरको पहूँच नभएको वडाहरुमा मोबाईल टावर विस्तार का साथै यसको गुणस्तरमा सुधार गरी 4G सेवा सञ्चालन गर्ने प्रक्रिया लाई निरन्तरता प्रदान गरिनेछ । यस अन्तर्गत वडा नं ४ कागकोटमा 4G सेवा विस्तार गरि सकिएको छ ।
- "सडक सञ्जाल तथा यातायात पूर्वाधार, गाउँपालिकाको आर्थिक समृद्धिको आधार"
- रेडियो, पत्रपत्रिका, टेलिभिजन मार्फत गाउँपालिकाका सबै सूचना प्रशारण गरिनेछ ।
- रेडियो, टेलिभिजनमा अन्तरसंवाद, अन्तरक्रिया तथा सूचना, जानकारीमूलक कार्यक्रम सञ्चालनमा जोड दिईनेछ ।
- मोबाईल एप्स, ई-पत्रकारिता, सामाजिक सञ्जाल(Facebook Page) तथा आफ्नै Website मार्फत सूचनाको प्रवाह गरिनेछ ।
- प्रत्येक वडा कार्यालयहरुमा ईन्टरनेटको सेवा विस्तार गरी व्यवस्थित गर्दै लगिनेछ ।

## वन वातावरण तथा विपद व्यवस्थापन क्षेत्र तर्फः

२३.वन, हरियाली र जैविक विविधता तर्फः

- "वन तथा जैविक विविधताको दिगो व्यवस्थापनः छार्का ताङसोङको समृद्धिमा योगदान"
- बढ्दो जलवायु परिवर्तनको असरलाई न्यूनिकरण गर्न, विकास र वातावरणबीच सन्तुलन कायम गर्ने नीति लिईनेछ ।
- हरियो वन नेपालको धन भन्ने अवधारणालाई आत्मसाथ गर्दै वनको दीगो व्यवस्थापन गरी आय वृद्दि, जीविकोपार्जन सुधार र वातावरण संरक्षण गर्दै वन विनास तथा वन क्षयीकरण न्यून गरिनेछ भने वृक्षारोपणलाई अभियानको रुपमा अगाडी बढाईनेछ । साथै वनको अवैध कटानी तथा वन विनाश गर्नेलाई आवश्यक कारवाहीकालागि सम्बन्धित निकायमा सिफारीस गरिनेछ ।
- वनको दीगो व्यवस्थापन गरी वन पैदावारमा आत्मनिर्भर हुने, काठ दाउराको नियमित आपूर्ति गर्ने र वनजन्य उद्यम विकास तथा विस्तार गर्ने गरी व्यवस्थापन मिलाईनेछ ।

२४.भू संरक्षण र जलाधारको व्यवस्थापन तर्फः

- "भू-संरक्षण तथ जलाधारको दिगो व्यवस्थापनः गाउँवासीको सुरक्षित जीवन"
- वातावरण संरक्षण र सिंचाईलाई समेत उपयोगिताको रुपमा लिईने गरी प्राचीन पोखरीको संरक्षणमा जोड दिईनेछ ।
- हिउँपोखरी र ग्रीन हाउस निर्माण को कार्यलाई तीव्रता दिईनेछ ।
- जल उत्पन्न विपदको व्यवस्थापन र नदी व्यवस्थापनमा जोड दिईनेछ ।
- प्रदेशसँगको सहकार्यमा जलाधार तथा हिमतालहरुको संरक्षण तथा भू संरक्षणमा जोड दिईनेछ ।

- पानीको सतहहरुलाई वृद्दि गर्नको लागि Ground Recharge पोखरीहरु निर्माण गरिनेछ ।

२५.वातावरण तथा फोहोरमैला व्यवस्थापन तर्फः

- "फोहोरमैलाको उचीत व्यवस्थापनः छार्का ताङसोङ गाउँपालिकाको वातावरण संरक्षण"
- बढ्दो जलवायु परिवर्तनको असरलाई न्यूनिकरण गर्न, विकास र वातावरणबीच सन्तुलन कायम गर्ने नीति लिई फोहोरमैलाको उचित व्यवस्थापन गरिनेछ ।

२६.विपद व्यवस्थापन तथा जलवायु उत्थानशीलता तर्फः

- "विपद् जोखिम न्यूनिकरण र जलवायु उत्थानशिलताको अभियान, समस्त मानव जगतको सुरक्षित जीवन"
- हरित पुर्नलाभ तथा समावेशी विकास पद्धति (GRID Approach) को पूर्ण अवलम्बन गरि पूर्वाधार विकासका आयोजनाहरु जलवायु उत्थानशिल, श्रम केन्द्रित, नतिजामूखि र दीगो रुपमा विकास गर्ने नीतिलाई उच्च प्राथमिकताका साथ अवलम्बन गरिनेछ ।
- स्थानीय पूर्वाधार विकासका आयोजनाहरुको कार्यान्वयन गर्दा संभावित वातावरणीय जोखिम तथा प्रभावको अध्ययन गरिने छ । कम तथा मध्यम जोखिम भएको योजनाको कार्यान्वयन गर्दा जोखिम न्यूनीकरणका उपायहरुको अवलम्बन गरि कार्यान्वयन गरिने छ भने उच्च जोखिम भएका योजनाहरु कार्यान्वयन गरिने छैन । सामान्यतया स्थानीय पूर्वाधारका गतिविधिहरुको कार्यान्वयन गर्दा वायो- ईन्जिनियरिङ्ग प्रविधिको प्रयोग गरि गरिने छ । तर ठूला तथा गौरवका आयोजनाहरुको लागि प्रारम्भिक वातावरणीय मूल्याङकन (IEA) तथा वातावरणीय प्रभाव मूल्यांकन (EIA) गरि गरिने छ ।
- विपद व्यवस्थापन कोषमा आवश्यक बजेट विनियोजन गरिनेछ । सो कोषको रकम प्राकृतिक प्रकोप तथा विपद व्यवस्थापनका लागि पूर्व तयारी, राहत तथा उद्दारमा खर्च गरिनेछ ।

<u>सुशासन तथा संस्थागत विकास क्षेत्र तर्फः</u>

२७.स्थानीय सेवा तथा जनशक्ति व्यवस्थापन तर्फः

- "सहज, छिटो तथा प्रविधिमैत्री सेवा प्रवाहको आवश्यकताः बलियो संस्थागत क्षमताको प्रतिबद्धता"
- कार्यरत कर्मचारीहरुको कार्य प्रक्रियालाई वैज्ञानिक ढङ्गले व्यवस्थापन गर्न गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत बीच तथा प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुख बीच कार्य सम्पादन करारको सम्झौता गरी सेवा प्रवाहलाई थप जनमुखी एवं नतिजामूलक बनाईने कार्यलाई निरन्तरता दिईनेछ ।
- गाउँपालिकाले धान्न सक्ने र नभई नहुने जनशक्तिको हकमा मात्र केन्द्र र प्रदेशको नीति र निर्देशन साथै ऐन कानूनको परिधी भित्र रही O & M सर्भे भई सकेकोले गरी सो को आधारमा विषयगत शाखा र संगठन संरचना कायम गरिनेछ र सो को आधारमा पदपूर्तिको कार्य यसैको आधारमा आगामी आर्थिक वर्ष देखि नयाँ संगठन संरचना बनाई लागु गरिनेछ ।

२८.संगठन तथा क्षमता विकास तर्फः

- सबै वडा कार्यालय सूचना मैत्री बनाउन शरुवात भई सकेको अनलाईन व्यक्तिगत घटना दर्ता प्रणालीलाई थप व्यवस्थित र प्रभावकारी बनाईनेछ ।
- कर्मचारी र पदाधिकारीको मनोवल उच्च राख्न सकारात्म सोंचं लगायत विभिन्न तालिम तथा भ्रमण जस्ता क्रियाकलापलाई निरन्तरता दिईनेछ । साथै कर्मचारीको कार्य सम्पादन मूल्याङ्कनमा आधारित प्रोत्साहन भत्ताको व्यवस्था गरिनेछ ।
- यस गांउँपालिकावाट प्रवाह हुने सेवा सुविधा प्रति नागरिकको सेवा प्रतिको सन्तुष्टि मापन गर्ने अभ्यास गरिने छ । साथै गाउँपालिका सँग सम्बन्धित गुनासोहरुलाई सम्वोधन गर्न गुनासो संकलन, सुनुवाई र सम्वोधन गर्ने कार्यलाई व्यवस्थित गरिने छ ।
- गाउँपालिकाको संस्थागत सुशासन र मानव संसाधन विकासका लागी राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संघ सस्थाहरु सँग सहकार्य गर्ने नीति लाई निरन्तरता दिईने छ ।

- सार्वजनिक खरीद ऐन र नियमावली सम्बन्धी शाखा प्रमुखहरुलाई आवश्यकता अनुसार तालिमको व्यवस्थापन गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
- गाउँपालिकाका सम्पूर्ण जनप्रतिनिधीहरु र कर्मचारीहरुलाई सुरक्षाबन नीति (safegurding) सम्बन्धी तालिम प्रदान गरिनेछ ।
- अध्ययन भ्रमण लगायतको व्यवस्था गरिनेछ ।

२९.राजश्व तथा श्रोत परिचालन तर्फः

- "वित्तीय सुशासन, समृद्धि प्रवर्द्धन"
- छार्का ताङसोङ गाउँपालिकालाई आत्मनिर्भर बनाउनु हामी सबैको कर्तव्य हो । कानूनको अधिनमा रही व्यवसाय कर, निर्माण सामग्री कर, सम्पत्ती कर, मालपोत कर, आदि करहरुलाई कार्यान्वयनमा ल्याईनेछ ।
- समयमा कर नतिर्नेलाई थप जरिवाना र दण्डित गरिनेछ भने लामो समय कर नतिरी अटेर गर्नेलाई गाउँपालिकाले दिने सबै सेवा रोक्का गरिनेछ ।
- आम्दानीका नयाँ श्रोतहरुको खोजी गरी आन्तरिक आय वृद्दि गर्न प्रयत्न गरिनेछ ।
- ढुङ्गा गिट्टि बालुवाको व्यवस्थित कर लगाइने छ ।

३०.तथ्याङक प्रणाली तथा योजना र विकास व्यवस्थापन तर्फः

"आर्थिक स्रोतको अधिकतम् परिचालन र योजनाको सुव्यवस्थापन, छार्का ताङसोङ बासीको दिगो विकासको स्पन्दन"

- उपभोक्ता समितिलाई निर्माण पूर्व र निर्माण पश्चात अभिमुखीकरण तालिम संचालन गर्न निर्देशिका बनाई लागू गरिनेछ ।
- सात चरणको योजना तर्जुमा प्रक्रिया ( seven steps planning process ) सम्बन्धि अभिमुखीकरण कार्यक्रम संचालन गरी कार्यक्रम छनौट गर्ने प्रक्रियालाई अवलम्बन गरिनेछ ।
- विकास निर्माण कार्यमा गुणस्तर कायम गर्न दक्ष जनशक्ति, स्थानीय श्रमिकको सहभागीता तथा अनुगमन र मूल्याङ्कन प्रणालीलाई थप प्रभावकारी बनाईने छ । नतिजामूलक अनुगमनका लागि वडास्तरिय एवं पालिकास्तरिय अनुगमन तथा सुपरिवेक्षण समितिको दक्षता अभिवृदीका लागी अभिमुखीकरण कार्यक्रम सन्चालन गरिने छ ।
- गाउँपालिका भित्र सञ्चालित सबै आयोजना तथा कार्यक्रमहरुको नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने कार्यलाई निरन्तर जारी राखिनेछ ।
- गाउँपालिकाबाट सञ्चालित ठेक्कापट्टाहरुमा समय मै काम सम्पन्न गर्ने ठेकेदारहरुलाई प्रमाण पत्रद्वारा सम्मान गरिनेछ भने काम नगर्ने ठेकेदारहरुलाई प्रचलित कानून बमोजिम दण्डित गरिनेछ ।
- स्थानीय अभिलेख र तथ्याङ्क प्रणालीलाई चुस्त बनाईनेछ ।

३१.नीति कानून न्याय तथा सुशासन तर्फः

- नेपाल सरकार र अख्तियार दुरुपयोग अनुसन्धान आयोगले समय समयमा दिएको निर्देशन एवं महालेखा परीक्षकले दिएको लेखा परीक्षण प्रतिवेदन समेतको आधारमा करार सेवामा पदपूर्ति गर्ने व्यवस्थाको अन्त्य गरी प्रदेश लोक सेवा आयोगको सिफारीसमा मात्र पदपूर्ति गरिनेछ ।
- गाउँपालिकाका गतिविधी सम्वन्धमा प्रत्येक त्रैमासिकमा र वार्षिक रुपमा स्वतः प्रकाशन सम्बन्धी सूचना यस कार्यालयको वेवसाईट मार्फत प्रकाशन गर्न प्रारम्भ गरिसकिएकोछ ।
- अध्यक्ष को सचिवालय र न्यायिक समितिलाई प्रभावकारी व्यवस्थापन गरिनेछ र न्यायिक समितिलाई सक्रिय गराई न्याय प्रणालीलाई चुस्त दुरुस्त बनाईनेछ ।
- आर्थिक ऐन र खरीद ऐन को अधिनमा रही ठूला आयोजनाहरु निर्माण व्यवसायी मार्फत ठेक्कापट्टा गरी र सानातिना र श्रममूलक आयोजनाहरु उपभोक्ता समिति मार्फत सञ्चालन गर्न जोड दिईनेछ ।
- वेरुजु तथा पेश्कीलाई निरुत्साहित गरी आर्थिक पारदर्शिता कायम गर्न काम सम्पन्न भएको आधारमा मात्र भुक्तानी दिने गरि पेश्की नियन्त्रण गरिनेछ ।

- बाँकी रहेको पेश्की तथा बेरुजु फछर्यौट गरी आगामी आर्थिक वर्ष देखि पेश्की तथा बेरुजु शून्य बनाउन आवश्यक सजगता अपनाईनेछ ।
- लैंगिक उत्तरदायी बजेट निर्माणमा जोड दिईनेछ ।
- पत्रकारिता एवं सञ्चार जगतसँग विकास र सुशासनमा सहकार्य गरिनेछ ।
- तेस्रो पक्ष सार्वजनिक सुनुवाई, सम्पन्न आयोजनाको सार्वजनिक परीक्षण र प्रभाव असर मूल्याङ्कन जस्ता गतिविधीबाट सुशासन प्रवर्द्धनमा जोड दिईनेछ ।
- आगामी आर्थिक वर्षमा "जनताको कर, जनतालाई खबर" टेलिभिजन कार्यक्रम संचालन गरिनेछ ।
- पालिकाका सबै वडाहरुमा वडा स्तरिय सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरिनेछ ।

३२.गै.स.स., निजी क्षेत्र, सहकार्य साझेदारी तर्फः

- गाउँपालिकासँग विकास र जनसेवामा साझेदारी गर्न चाहने राष्ट्रिय, अन्तर्राष्ट्रिय गैर सरकारी संस्थासँगको सहकार्यलाई उच्च प्राथमिकता दिन NGO DESK स्थापना गरी सबै कार्यक्रमलाई गाउँपालिका मातहत ल्याईनेछ ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएको व्यवस्था समेतका आधारमा विकास गतिविधीमा गैर सरकारी संस्थासँग सहकार्य गरिनेछ ।
- गैर सरकारी संस्थालाई पारदर्शी, सुशासन मैत्री र वास्तविक विकासको साझेदार हुन उत्प्रेरित गरिनेछ ।

समुन्नत छार्का ताङसोङ गाउँपालिका बनाउने आकांक्षालाई मूर्तरुप दिन यस नीति तथा कार्यक्रमले आत्मसाथ गरेको छ । त्यसैले विकास प्रेमी आम नागरिक, राजनीतिज्ञ, बौद्दिक वर्ग र समाजसेवीहरुको व्यापक सहभागितामा छार्का ताङसोङ गाउँपालिकाको समग्र आर्थिक सामाजिक भौतिक तथा वातावरणीय विकास गर्ने गरी तर्जुमा गरिएको नीति तथा कार्यक्रम बजेट मार्फत कार्यान्वयनमा सक्रिय सहभागी भईदिनुहुने सबै गाउँ सभाका सदस्य ज्यु हरु, राष्ट्रसेवक कर्मचारी मित्रहरु र सम्पूर्ण सरोकारवालाहरुमा हार्दिक अनुरोध गर्दछु ।

अन्त्यमा, आ. व. ०८३।०८४ का लागि यस छार्का ताङसोङ गाउँपालिकाको तर्फबाट पेश गरिएको नीति तथा कार्यक्रम माथि छलफल गरी केही अपूर्ण भएको भए महत्वपूर्ण सुझाव सहित पारित गरिदिनुहुन अनुरोध गर्दछु ।

धन्यवाद । टसी देलेक जय छार्का ताङसोङ गाउँपालिका ।

प्रस्तुतकर्ताः

सेनाङ गुरुङ

अध्यक्ष

छार्का ताङसोङ गाउँपालिका, कागकोट, डोल्पा ।